# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ चौमाला, कैलाली बैशाख १० गते बुधवार, २०७७ साल (संख्या १)

## भाग - ३

## कोभिड-१९ विरुद्धको प्रतिकारात्मक स्वास्थ्य व्यवस्था तथा राहत वितरण कार्यविधि, २०७७

कोरोना भाइरस रोग (कोभिड-१९) को सम्भावित सङक्रमण तथा प्रतिकुल अवस्थालाई न्युनीकरण गर्दै सामान्य अवस्थामा ल्याउन र प्रभावित व्यक्तिहरु, दैनिक ज्यालादार गर्ने श्रमिक वर्ग तथा असहाय व्यक्तिहरुको जीवनयापन सहज तथा स्वास्थ्य सेवा प्रभावकारी बनाउन अत्यावश्यक देखिएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम गौरीगङ्गा नगरपालिकाले कोभिड-१९ विरुद्धको प्रतिकारात्मक स्वास्थ्य व्यवस्था तथा राहत वितरण कार्यविधि, २०७७ तयार गरी जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: १) यो कार्यविधिको नाम कोभिड-१९ विरुद्धको प्रतिकारात्मक स्वास्थ्य व्यवस्था तथा राहत वितरण कार्यविधि, २०७७ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "प्रभावित व्यक्ति" भन्नाले कोभिड-१९ को सङक्रमण सम्भावना भई क्वारेण्टिनमा रहेका, सङक्रमित भई उपचारको क्रममा रहेका र बन्दाबन्दीको प्रभावमा परी दैनिक आम्दानी गर्न नसकेका कारण न्यूनतम खाद्यवस्तुको अभाव भएको व्यक्ति सम्झनु पर्दछ।

गौरीगङ्गा राजपत्र

(ग) "असहाय" भन्नाले कसैको लालनपालनमा नरही अशक्त तथा आवास विहीन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनु पर्छ।

(घ) "राहत" भन्नाले गौरीगङ्गा नगरपालिकाले प्रभावित गरिव असहाय वर्गलाई बुँदा ४(२) बमोजिम प्रदान गरिने खाद्य सामग्री सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनुपर्छ।

(च) "समिति" भन्नाले अनुगमन तथा मूल्याङ्कन समिति सम्झनुपर्छ।

३. जनचेतना तथा सूचना सङ्कलन :

१) गौरीगङ्गा नगरपालिकाले कोभिड-१९ सङक्रमणबारे टेलिफोन, अनलाइन समाचार, पोर्टल, रेडियो, सामाजिक सञ्जाल, पोष्टर, होडिङबोर्ड, माईकिङ तथा स्वास्थ्य स्वंसेविका परिचालन गरी नगरपालिकाको सबै क्षेत्रका नागरिकहरुलाई जानकारी दिने र त्यसबारे सचेतना जगाउनेछ।

२) कोभिड-१९ का लक्षण, यस बाट बच्न अपनाउनु पर्ने व्यवहार, सरकारले घोषण गरेका आदेशको व्यापक प्रचार प्रसार गरिने छ। यस सम्बन्धमा विभिन्न व्यक्ति तथा माध्यमबाट अफवाह फैलाउने र डर तथा भ्रम श्रृजना गर्ने जस्ता समाचार तथा सूचना प्रकाशन र संप्रेषण गर्ने गराउनेलाई निरुत्साहित गरिनेछ।

३) यस्ता सूचना तथा जानकारी तयार तथा प्रसारण गर्दा समुदायका प्रमुख भाषाहरुलाई प्राथमिकता दिइनेछ।

४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गरेका, नगरपालिकामा घर भई देशका विभिन्न क्षेत्र वा भारत लगाएतका विदेशबाट कोभिड-१९ को महामारीको समयमा घर फर्किएका प्रत्येक व्यक्तिहरुको लगत संकलन गरी वडा कार्यालयहरुले दैनिक रुपमा नगरपालिकामा पठाउनु पर्ने छ।

५) यस पालिकामा बस्ने कसैलाई कोभिड-१९को लक्षण (ज्वरो, सुक्खा खोकी र स्वासप्रश्वासमा समस्या) देखिएमा वा यी लक्षण देखिएर कुनै स्वास्थ्य संस्थामा उपचार गराइरहेको अवस्थामा पनि आफ्नो वडा मार्फत् नगरपालिकालाई जानकारी दिनुपर्नेछ। यस्ता सूचना तथा जानकारीहरु व्यक्तिगत गोपनीयता कायम रहने गरी प्रकोप नियन्त्रणको उद्देश्यको लागि मात्र प्रयोग गरिनेछ।

६) कोभिड-१९सँग सम्बन्धित कुनै पनि विषयमा कुनै पनि व्यक्तिले नगरपालिकाको इमेल वा फोन वा सम्बन्धित वडा कार्यालय वा सम्बन्धित वडा अध्यक्ष मार्फत् नगरपालिकालाई जानकारी गराउनु नगर वासीको कर्तव्य हुने छ।

गौरीगंगा राजपत्र

४.स्वास्थ्य जाँच र सङक्रमितहरुको उपचार सम्बन्धमाः

१) नगरपालिकाले विदेश तथा भारतबाट फर्किएका र कोभिड-१९ सङक्रमित सँग प्रत्यक्ष सम्पर्कमा आएकालाई सामाजिक तथा भौतिक दूरी कायम राख्नको लागि आवश्यक मात्रामा नगरपालिकाका विभिन्न स्थानमा स्वास्थ्य सेवा तथा अन्य सुविधा सहितको क्वारेण्टिनको व्यवस्था गराउनेछ ।

२) विदेश तथा भारतबाट फर्केका, कोभिड-१९ सङक्रमित सँग प्रत्यक्ष सम्पर्कमा आएका, व्यक्तिलाई अनिवार्य रुपमा १४ दिन क्वारेण्टिनमा राख्ने व्यबस्था गरिने छ र यसरी  क्वारेण्टिनमा बसेको अवस्थामा प्रत्येक व्यक्ति बीच कम्तीमा १ मिटरको दूरी अनिवार्य कायम गर्ने व्यवस्था मिलाईने छ। सामान्यतया क्वारेण्टिनमा रहेको व्यक्तिलाई स्वास्थ्यकर्मी बाहेक कसैसंग भेटघाट गर्न दिईने छैन ।

३) क्वारेण्टिनमा रहँदा बस्दा लाग्ने खाना, खाजा, उपचार तथा परीक्षण खर्च नगरपालिकाले उपलब्ध गराउनेछ ।

४) क्वारेण्टिनको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले जारी गरेका निर्देशनको पालना गर्दै व्यवस्थापन गर्नको लागि सुरक्षानिकाय तथा अन्य सरोकारवालासँग आवश्यक समन्वय गरिनेछ ।

५) क्वारेण्टिनमा रहेका व्यक्तिहरुका क्वारेण्टिन अवधिभर कम्तिमा २ पटक स्वास्थ्य परिक्षण अनिवार्यरुपमा गरिने छ ।

६) सङ्कमितको उपचारको लागि आवश्यक विभिन्न औषधि तथा उपचार सामग्रीका लागि जिल्ला, प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्यगरी गर्दै नगरपालिकाको स्रोत साधनको प्रयोग गरि निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराईने छ ।

७) नगरपालिकामा विद्ययमान स्वास्थ्यकर्मीहरुलाई कोभिड-१९ को उपचारामा खटाउने लागि व्यवस्था गरिने छ। नगरपालिकामा विद्ययमान स्वास्थ्यकर्मी अपुग वा असहज भएमा नगरपालिकामा रहेका स्वास्थ्य क्षेत्रमा दक्षता प्राप्त जनशक्तिलाई स्वयमसेवकको रुपमा सेवा गर्न अनुरोध गरिने छ। यसरी अनुरोध गर्दा पनि दक्ष जनशक्ति प्राप्त गर्न सकिएन वा प्राप्त गर्दा पनि अपुग भएमा आवश्यक जनशक्ति करारमा व्यवस्था गरिने छ। यसरी सहयोग तथा सेवा गर्ने डाक्टर तथा स्वास्थ्य कर्मीलाई विमा र विशेष सुविधाको व्यवस्था गरिनेछ।

८) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सबै निजी स्वास्थ्य सेवा संस्थाहरु, उनीहरु सँग भएका उपकरण, सेवा, सुविधा (बेड, भेण्टिलेटर) आवश्यक परेको समयमा प्रयोग गर्न वा गराउँन सक्नेछ ।

गौरीगङ्गा राजपत्र

५. राहत सामग्री सङ्कलन र वितरण:

१) नगरपालिकाभित्र रहेका गरीब, अपाङ्ग, विपन्न, मजदुर तथा कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरुले बन्दाबन्दीका कारण भोकै तथा स्वास्थ्य उपचार विना बस्नु पर्ने अवस्थामा सिर्जना भएमा तत्काल नगरपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२) उपदफा १ व्यवस्थाको लागि वडा कार्यालय बाट खाद्यान्नको अभाव भएका घरधुरीको लगत संकलन गरी अनुसूची-१ बमोजिम आवश्यक सहयोग माग भई आएमा भोकै वस्नु पर्ने अवस्थाका परिवारलाई चामल, दाल, तेल र नुन को व्यवस्था अनुसूची-२ बमोजिम राहत प्रदान गरिने छ ।

३) नगरबासीहरुको उचित स्वास्थ्य उपचारको लागि स्वास्थ्य उपचार केन्द्रबाट अनुसूची-३ बमोजिमको औषधी तथा उपचार सामागमाग्री  र स्वास्थ्य उपचारमा असहज भई स्वास्थ्य उपचार केन्द्रबाट अनुसूची-४ बमोजिमको जनसक्ति माग भई आएमा नगरपालिकाले आवश्यक औषधी र जनशक्तिको व्यवस्था गर्नेछ ।

४) नगरपालिकामा एक खाद्यान्न राहत सामाग्री बैक स्थापना गरिने छ । खाद्यान्न राहत समाग्री बैकमा खाद्य सामाग्री स्वेच्छिक रुपमा जम्मा गर्नको लागी नगरबासी, समाजसेवी, सामुदायक वन, संघ संस्था तथा व्यापारीलाई आह्वान गरिने छ । यसरि स्वेच्छिक रुपमा प्राप्त खाद्यान्न, प्रदेश सरकार र केन्द्र सरकार बाट प्राप्त खाद्यान्न र नगरपालिकाले खरिद गरेको खाद्यान्न लाई एक द्वार प्रणाली बाट आवश्यकताको पहिचान गरी वडा कार्यालयको मागलाई मुल्याकन तथा अनुगमन गरी वडा कार्यालय मार्फद वितरण गर्ने व्यवस्था मिलाईने छ ।

५) नगरपालिकामा कोभिड १९ उपचार तथा राहत सहयोग कोषको स्थापना गरी एक छुटै खाता खोलिने छ । यस खातामा विभिन्न व्यक्ति, व्यापारी, संघ संस्था, केन्द्र सरकार, प्रदेश सरकारबाट प्राप्त सहयोग रकम जम्मा गरी आवश्यकताका आधारमा उपचार तथा राहतका लागि खर्च गरिने छ ।

६) नगरपालिकाले प्रदान गर्ने राहत सामाग्रीको वितरण सामाजिक न्याय तथा प्राथमिकताको आधारमा  वडा कार्यालयबाट गरिने छ । राहत सामाग्री वितरण गर्दा भौतिक दूरी कायम गरी जोखिम मुक्त तरिकाले वितरण गर्ने व्यवस्था गरिने छ ।

७) नगरपालिकामा प्राप्त सहयोग, स्वास्थ्य उपचार तथा राहात वितरणमा भएको खर्च पारदर्शी रुपमा राखिने छ र यसलाई ७/७ दिनमा सार्वजनिक गरिने छ ।

६.आर्थिक व्यवस्थापन:

१) नगरपालिकाले कोभिड-१९ को महामारीलाई रोक्नको र भोकमरीको अवस्था सृजना हुन नदिनका लागि संघीय तथा प्रादेसिक सरकारबाट प्राप्त हुने अनुदान, विभिन्न दाता तथा सहयोगी संघ संस्था, व्यापारि, नागरिकबाट प्राप्त रकम र नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट नगर

कार्यपालिकाले निर्णय गरे अनुसारको रकम बुदा नम्बर ५ (५) मा गठित कोषमा जम्मा गरी एक द्वार प्रणाली बाट खर्च गरिने छ ।

२) कोभिड-१९ उपचार तथा राहातका लागि बिभिन्न निकाय बाट प्राप्त सहयोग र नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट प्राप्त गरिएको रकम कोभिड-१९ सँग सम्बन्धित कार्यमा खर्च गरिने छ र सो कार्यको लेखा व्यवस्थापन नियमानुसार पारदर्शी रुपमा गरिनेछ ।

७. उत्प्रेरणा तथा जरिवाना :

१) कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, नागरिक, संघ संस्था, व्यापारीहरुको कामको उचित मूल्याङ्कन गर्दै विपद्को समाप्तिपछि सम्मान गरिनेछ ।

२) कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मी, कर्मचारी एवम् नगरपालिकामा रहेका सवारी साधन चानलकहरुलाई उक्त काममा खटिएको दिन खाना खाजा वाफत निर्वाह खर्च रु ५००।- अक्षरेपी पाँच सय प्रोत्साहन उपलब्ध गराइने छ । यसका सथै निजहरुको रु. १०,००,०००।- अक्षरेपी दस लाख बरावरको जीवन विमा गराइने छ ।

३) सरकारले तोकेको मापदण्ड उल्लङ्घन गर्ने, अटेर गरी बन्दाबन्दीको अवज्ञा गर्ने र गलत सूचना प्रवाह गरी समाजलाई नकारात्मक असर पार्ने वा पार्न लगाउने व्यक्ति वा निकायलाईलाई प्रचलित कानून बमोजिम कारवाहीको सिफारिस गरिनेछ ।

४) सरकारले घोषणा गरेको नियम विपरित भेला, बैठक, भोज-भतेर, चाडपर्व आदिमा रोक लगाउदै नगरपालिकाले पनि आवश्यकताको आधारमा महामारीलाई रोक्न थप कदम चाल्न सक्ने छ र यस्तो कार्यमा सहयोग गर्नु र पालना गर्नु नागरिको कर्तव्य हुनेछ । नियमको उल्लङ्घन गर्नेलाई कानुन बमोजिम नगरपालिकाले सजाँयको लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

८. अनुगमन तथा मूल्याङ्कन: १) यस कार्यविधि अनुसारको कार्य भए नभएको अनुगन तथा मुल्याकनको लागि तपसिलको एक समिति रहने छ ।

| | |
|---|---|
| क) नगर उपप्रमुख | संयोजक |
| ख) नगर कार्यपालिका सदस्यहरुले आफू मध्यबाट चयन गरी पठाएका एक महिला सहित २ जना | सदस्य |
| ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| घ) स्वास्थ्य शाखाको प्रमुख | सदस्य |

सचिव



गौरीगंगा राजपत्र

२) अनुगमन तथा मूल्याङ्कन समितिले हप्तामा १ पटक वा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने छ। अनुगमन तथा मूल्याङ्कन गर्दा समितिले कामकाजको आधारमा सुझाव, सल्लाह र निर्देशन दिन सक्नेछ। यसरी दिएको सल्लाह र निर्देशनको पालना नगरेमा कारवाहीका लागि कार्यपालिकामा पेश गर्नु पर्ने छ।

९. कार्यविधिको व्याख्या संशोधन तथा अनुसूची थपघट : यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट कार्यपालिकाले गर्नेछ।

१०. यसै कार्यविधि बमोजिम भए गरेको मानिने : यसअघि यस नगरपालिकाबाट कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणका लागि गरिएका सवै क्रियाकलाप यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

गौरीगंगा राजपत्र

अनुसूची-१

वडा कार्यालयले राहत खाद्यान्न मागको निवेदन

गारीगङ्गा नगरपालिका

वडा नं.......को कार्यालय ..................................

मिति .......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु

कार्यपालिको कार्यालय, गारीगङ्गा नगरपालिका

चौमाला, कैलाली

विषयः राहत सम्वन्धमा ।

कोभिड-१९ को महामारी रोकथाम नियन्त्रणमा नेपाल सरकार बाट सञ्चालन गरिएको बन्दाबन्दीका कारण तपसिलका परिवार सदस्यहरुले कुनै आर्थिक आयआर्जन गर्न नसकेको र हाल उनीहरुसंग मौजदात खाद्यान्न समेत नभएकोले नगरपालिकाबाट प्रदान गरिने राहत खाद्य सामाग्री उपलव्ध गराईदिन अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | घरमुलीको नाम | नागरिकता नं. | ठेगाना | परिवार संख्या | | १८ वर्ष भन्दा माथिका सदस्य संख्या | माध्यमिक शिक्षा र माथिल्लो योग्यता भएका ( जना ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

.....................

वडा अध्यक्ष



गौरीगंगा राजपत्र

# अनुसूची-२

## राहतमा वितरण गरिने खाद्य सामाग्री तथा वितरणका आधार

| क.सं. | खाद्यान | प्रति व्यक्ति एक दिनको लागि | १५ दिनको लागि | कैफियत |
|---|---|---|---|---|
| १ | चामल | ५०० ग्राम | परिवार संख्याको आधारमा | |
| २ | दाल | | ६जना सम्मको परिवारलाई २ कि.ग्रा.<br>६जना भन्दा माथिको परिवारलाई ३ कि.ग्रा. | |
| ३ | तेल | | ६जना सम्मको परिवारलाई २ लिटर<br>६जना भन्दा माथिको परिवारलाई ३ लिटर | |
| ४ | नुन | | प्रति परिवार १ कि.ग्रा. | |

गौरीगंगा राजपत्र

अनुसूची-३

स्वास्थ्य संस्थाले औषधि माग गर्ने फारम

गारीगङ्गा नगरपालिका

........................स्वास्थ्य.........................

मिति .......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

गौरीगंगा नगर कार्यपालिको कार्यालय

चौमाला, कैलाली

विषयः औषधी सम्वन्धमा ।

कोभिड-१९ को महामारीका बाट प्रभावितहरुको उपचारको लागि तपसिलका स्वास्थ्य उपचार सामाग्री तथा औषधी उपलव्ध गराईदिन सादर अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | आवश्यक औषधी तथा उपकरण | परिमाण | मौजदात परिमाण | स्वास्थ्य संस्थामा पुराउनु पर्ने अनुमानित मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

गौरीगंगा राजपत्र

अनुसूची-४

स्वास्थ्य संस्थाले जनशक्ति माग गर्ने फारम

गारीगङ्गा नगरपालिका

........................स्वास्थ्य.........................

मिति ......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

गौरीगंगा नगर कार्यपालिको कार्यालय

चौमाला, कैलाली

विषय: स्वास्थ्यकर्मी सम्वन्धमा

कोभिड-१९ को महामारी बाट प्रभावितहरुको उपचार गर्नको लागि हाल यस ............स्वास्थ्य............ स्वास्थ्यकर्मीले स्वास्थ्य सेवा प्रवाह गर्न असहज भईरहेको र रोगको संक्रमण बढ्दै गई रहेकोले नगर वासिहरुलाई प्रभाकारी सेवा दिनको लागि तपसिल बमोजिमका स्वास्थ्यकर्मी आवश्यक रहेकोले उपलव्ध गराईदिन अनुरोध गर्दछु ।

तपसिल

| क.सं. | स्वास्थ्यकर्मीको पद | आवश्यक संख्या | विशेष दक्षता | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

भिम बहादुर देउवा

नगर प्रमुख

गौरीगङ्गा नगरपालिका चौमाला, कैलाली



गौरीगंगा राजपत्र